ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

ARMY BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पू.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १३, एप्रिल २०२५ Edition 13, April 2025




भावपूर्ण श्रद्धाञ्जली
रिता गुरुङ्ग, स्टाफ नं ५६३४
ब्रिटिश गोर्खाज नेपाल
(१९८२ - २०२५)
बि जी एन पोखरामा कार्यरत स्टाफ श्रीमती रिता गुरुङ्गको असमायिक निधनको
खबरले सम्पूर्ण बि जी एन परिवार शोकसन्तप्त भएको छ ।
उनको दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै उनको परिवारमा धैर्यधारण गर्ने
शक्ति प्राप्त होस् भनी भावपूर्ण संवेदना प्रकट गर्दछौं ।
हामी सम्झिनेछौं
समस्त बि जी एन परिवार

## ड्युक र डचेस को उपस्थितीमा कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाजद्वारा नेपालका राष्ट्रपति समक्ष ब्रिगेडको वार्षिक प्रतिवेदन पेश

नेपाल भ्रमणको मुख्य कार्यक्रम अन्तर्गत बेलायती राजपरिवारका ड्युक र डचेस अफ एडीनब्रअ ले सम्माननीय नेपालका राष्ट्रपति राम चन्द्र पौडेल र उनका श्रीमती सबिता पौडेल सँग ०४ फेब्रुअरीमा राष्ट्रपति कार्यालयमा भेट गर्नुभयो । सोही अवसरमा उपरथी जेरल्ड स्ट्रिकल्याण्ड डी एस ओ  एम बि इ, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाजले राष्ट्रपति पौडेललाई ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदनमा यस वर्षमा ब्रिगेड अफ गोर्खाजका फौज सामेल भएका गतिविधिहरू उल्लेख छन् । माननीय नेपालका लागि बेलायती राजदूत रब फेन; उपरथी माननीय लोर्ड लनकास्टर टि डी पी सी, उप-कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज; महासेनानी ड्यान रेक्स एम भी ओ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन; महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज र सेनानी धीर पुन, ए.एम.ए प्रतिवेदन पेश गर्ने कार्यक्रममा उपस्थित थिए ।



## ड्युक र डचेस नेपालको घान्द्रुकमा




ब्रिटिश गोर्खाज नेपालद्वारा नियोजित तथा सहजीकरण गरिएको गोर्खालीहरूको प्रियथलोहरूमध्ये एक मानिएको पश्चिम नेपालमा अवस्थित् घान्द्रुकसम्मको उच्च-स्तरीय ट्रेकमा बेलायती राजपरिवारका ड्युक र डचेस अफ एडीनब्रअ; बेलायती राजदूत रब फेन; उपरथी जेरल्ड स्ट्रिकल्याण्ड डी एस ओ  एम बि इ, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज; महासेनानी ड्यान रेक्स एम भी ओ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन र श्रीमती एन रेक्स; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन (निवर्तमान) र श्रीमती भउमती गुरुङ्ग लगायत बि जी एन का अफिसर तथा स्टाफ सहभागी भएका थिए । दुई दिनको ट्रेकको पहिलो दिनको विश्राम माझगाउँमा

भएको थियो भने दोस्रो दिन घान्द्रुकमा बास थियो । तेस्रो दिन घान्द्रुक समुदाय र स्थानीय अधिकृतहरूको आयोजनामा अतिथिहरूमाझ सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । घान्द्रुक ट्रेकको आयोजना बि जी एन अफिसर र स्टाफको तत्पर सहयोगको साथ प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन र उप-सेनानी सन्तोष गुरुङ्गको अग्रतामा सफल भएको थियो ।



## अभ्यास खुकुरी रेसपोनडर २५ (Ex KHUKURI RESPONDER 25)

आकस्मिक अवस्था (contingency) को नजरमा तयारी निर्धारण गर्ने लक्षका साथ हरेक वर्ष आयोजना हुने अभ्यास खुकुरी रेसपोनडर २५ (Ex KHUKURI RESPONDER 25) यस वर्ष बि जी एन पोखराको तयारी मुल्याङ्कन र सुधार गर्ने हेतुले पोखरामा ३१ मार्च – ०१ एप्रिल बीच कार्यन्वयन गरियो । अभ्यासको क्रममा मुख्यालय बि जी एन तथा बि जी एन पोखराका अफिसर तथा स्टाफ सामेल थिए । नेपाल सरकार गृह मन्त्रालय, नेपाली सेना, बेलायती राजदुतावास र अमेरिकी दुतावास का प्रतिनिधिहरूको पनि थप सहभागीताका कारण जोखिमपूर्ण अवस्थाको परिस्थितीमा विभिन्न निकायका नीति र सम्भावित सहकार्य बारे बुझ्ने अवसर मिलेको थियो । खुकुरी रेसपोनडर २५ (Ex KHUKURI RESPONDER 25) को आयोजना उप-सेनानी सन्तोष गुरूङ्गको अग्रतामा भएको थियो ।



## रेक्रुट इन्टेक २५ प्रमाणीकरण

## RI25 Attestation Parade

बेलायती राजपरिवारका ड्युक र डचेस अफ एडीनब्रअको उपस्थितिका कारण ०७ फेब्रुअरीमा ब्रिटिश गोर्खाज नेपाल - पोखरामा आयोजित गोर्खा भर्ती २५ को प्रमाणीकरण परेड (Attestation Parade) ऐतिहासिक रह्यो ।





कठीन छनौंट प्रक्रियापछि २७४ नयाँ रेक्रुटहरू ब्रिटिश आर्मी ब्रिगेड अफ गोर्खाज रेक्रुट इन्टेक २०२५ अन्तर्गत ब्रिटिश सेनामा भर्ती भएका छन् । उनीहरूले परेडको क्रममा महाराजा चार्ल्स तृतीय प्रति आफ्नो निष्ठाको सपथ लिएका थिए ।

माननीय नेपालका लागि बेलायती राजदूत रब फेन; उपरथी जेरल्ड स्ट्रिकल्याण्ड डी एस ओ  एम बि इ, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज; उपरथी माननीय द लोर्ड लनकास्टर टि डी पी सी, उप-कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज; महासेनानी ड्यान रेक्स एम भी ओ, रक्षा सहचारी तथा कमाण्डर बि.जी.एन; महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन द्वारा रेक्रुटहरूको प्रमाणीकरण लिइएको थियो ।





परेडमा सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन ले नयाँ रेक्रुटहरूलाई सपथ खुवाउनुभएको थियो भने सेनानी डेभिड कार्टर, ओ सी बि जी पी ले परेड कमाण्डरको भुमिकामा परेड संचालन गर्नुभएको थियो ।

द ब्याण्ड अफ द ब्रिगेड अफ गोर्खाजको उत्कृष्ट प्रदर्शनको साथमा नयाँ रेक्रुटहरूका परिवारजन उपस्थित् रहेको परेड समापन भएको थियो ।




प्रमाणीकरण परेड लगत्तै ड्युक र डचेस अफ एडीनब्रअ, उपरथी जेरल्ड स्ट्रिकल्याण्ड डी एस ओ  एम बि इ, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज तथा अन्य प्रमुख अतिथिहरू नयाँ भर्ती भएका रेक्रुट र उनीहरूका परिवारजनसँगको साक्षात्कारमा सहभागी भएका थिए ।

ब्रिटिश आर्मी ब्रिगेड अफ गोर्खाजमा रेक्रुट इन्टेक २५ अन्तर्गत भर्ती हुन सफल भएका २७४ जना नयाँ रेक्रुटहरू अहिले आफ्नो पहिलो ९-महिने प्रशिक्षणको लागि बेलायतको क्याटरिक गइसकेका छन् ।

## ब्रिगेड परिवारद्वारा जाजरकोटको स्वास्थ सेवामा सहयोग

ब्रिगेड अफ गोर्खाज, द गोर्खा वेलफेयर ट्रष्ट, ब्रिटिश गोर्खाज भेट्रन समुदाय र ब्रिगेडका साथिहरूको सहयोगद्धारा रिम्ना गाउँ, भेरी नगरपालिका-१, पीपे, जाजरकोट स्थित् आदारभूत स्वास्थ सेवा चौकीमा प्रसुती कक्षको स्थापना भएको छ । स्थानीय अधिकृत र समुदाय प्रतिनिधिहरूको उपस्थितीमा सहयोगको पहल गर्नुहुने सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर बि जी एन ले २६ नभेम्बर २०२४ मा उक्त कक्षको उद्धाटन गर्नुभयो ।





## ‘काठमाडौं टु केन्ट’ (Kathmandu to Kent) परोपकारी दौंड

बि जी एन स्टाफ र परिवारजनका पहलमा बि जी एन सँग निकट रहेका दुई परोपकारी संस्थाहरूलाई सहयोग गर्न हाल ४,५०६ माइल को ‘काठमाडौं टु केन्ट’ (Kathmandu to Kent) कोष संकलन दौंड संचालनमा रहेको छ । SSAFA (साफा) ले शषस्त्र बल सेवामा रहेका सेवारतहरू, भुतपूर्वहरू र उनीहरूका परिवारजनलाई सहयोग गर्दछ ।

यस्तै, ‘साझा सहयात्री नेपाल’ ले यौनजन्य हिंसामा परेका, विशेषगरी बालिकाहरू, लाई सुरक्षित घर र शैक्षिक अवसर दिएर सहयोग गर्दछ ।

यस कल्याणकारी कोषमा सहयोग गर्न https://gofund.me/fd364127 मा गइ गर्न सकिन्छ ।

*सहभागीहरू*

स्टाफ सार्जन्ट केरी फार

डब्लु ओ २ ली स्मिथ

डब्लु ओ २ दिनेश गुरुङ्ग

ल्यान्स कर्पोरल सुमन राई

ल्यान्स कर्पोरल सन्जय ताम्राकार

सार्जन्ट विश्वराज लिम्बु

श्रीमती केल्ली मक्जिनली-स्मिथ

श्रीमती मुना घले

श्रीमती कोशी गुरुङ्ग



## नारी दिवस २०२५ मा बि जी एन नारी समूह सक्रिय




अन्तर्राष्ट्रिय नारी दिवस २०२५ को अवसरमा बि जी एन का महिला सिभिलियन (गैर-सैनिक) स्टाफको समूहद्वारा १२ मार्च २०२५ मा पशुपतिनाथ मन्दिर परिसर-स्थित् सामाजिक कल्याण केन्द्र (बृद्धाश्रम) मा परोपकारी सहयोग प्रदान गरियो । विगतमा झैं यो सानो सहयोगले बृद्ध नागरिकहरूमा ल्याएको खुशी नै महत्त्वपूर्ण रहेको बि जी एन महिला स्टाफहरूले बताएका थिए । सहयोग हस्तान्तरणपछि महिला स्टाफ समूहका सदस्यहरू बौद्धनाथ स्टुपामा टुङ्ग्याउने गरी मन्दिर परिसरको पदयात्रामा सरीक भएका थिए ।

## उप-कमाण्डर बि जी एन लाई बिदाइ

प्रमुख सेनानी राजेशकुमार गुरूङ्ग, उप-कमाण्डर बि जी एन लाई २१ मार्च २०२५ मा गोर्खाली परम्परागत 'टो-आउट' (tow-out) द्वारा बिदाइ गरियो। आफ्नो बि जी एन मा सफलतापूर्वक कार्यकाल सम्पन्न गर्नुभएका वहाँलाई महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन लगायत सम्पूर्ण बि जी एन काठमाडौंका अफिसर तथा स्टाफको उपस्थितीमा बिदाइ गरिएको थियो।



*प्रमुखे सेनानी राजेशकुमार गुरुङ्गको बिदाइ सन्देश*



*" ब्रिटिश गोर्खाज नेपालमा सेवा गर्न पाउनु मेरो व्यावसायिक जीवनको उच्च तहको सम्मान हो। सेनामा ३५ वर्षको सेवा अवधीमा मैले भुतपूर्व गोर्खाली र गैर-सैनिक स्टाफ लगायतका प्रतिभाशाली र प्रतिबद्ध व्यक्तिहरूसँग काम गर्न दीर्घकालिन स्नेहा जगेर्ना गरेको छु। बि जी एन मा उप-कमाण्डरको रूपमा सेवा गर्नु पाउँदा मैले सम्मान महशुस गरेको छु। नेतृत्त्व, परिश्रम र व्यावसायिक उत्कृष्टता र मजबूत परम्पराले नै ब्रिगेड अफ गोर्खाजलाई क्रियाशील राख्दछ। मैले बिदाइ माग्दै गर्दा तपाईहरू सबैलाई आफ्नो मित्रताको लागि धन्यवाद दिन चाहन्छु र शुभकामना दिन चाहन्छु। जय बि जी एन र जय ब्रिगेड अफ गोर्खाज! "*

## कमाण्डर्स कप २०२५

कमाण्डर्स कप २०२५ २-३ एप्रिल बीच बि जी एन पोखरामा आयोजना भएको थियो। बि जी एन काठमाडौं, पोखरा र धरानका अफिसर, स्टाफ तथा परिवारजन फुटबल, बास्केटबल, भलिबल, ब्याडमिन्टन र टेबल-टेनिस जस्ता खेलकुद गतिविधीहरूमा सहभागी भएका थिए। कार्यक्रम समापन क्रममा पुरस्कार वितरणपछि महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन ले यसरी सम्पूर्ण बि जी एन स्टाफ एकै ठाउँमा भेला भएर सहकार्य गरेको देख्न पाउँदा अत्यन्तै खुशी लागेको व्यक्त गर्नुभयो।



## रेजिमेन्टल असोसीएशन नेपाल [Regimental Association Nepal (RAN)]



*रेजिमेन्टल असोसीएशन नेपाल [Regimental Association Nepal (RAN)] का पदाधिकारी तथा सदस्य, ब्रिटिश गोर्खा भेट्रन लगायत बि जी एन पोखरामा बि जी एन अफिसर र स्टाफका साथ*

<u>श्रद्धाञ्जली</u>

स्वर्गीय सेनानी जीवनबहादुर राना (कउचा) एम भी ओ





अल्मोरा, भारतमा जन्मनुभएका स्वर्गीय सेनानी जीवनबहादुर राना (कउचा) एम भी ओ ०७ अक्टोबर १९५२ मा लेहरा, भारतबाट ब्रिगेड अफ गोर्खाजमा भर्ती भएर लगत्तै मलेसिया गइ रेक्रुट प्रशिक्षण सकाएर २/२ गोर्खा राइफल्समा सामेल हुनुभएको थियो । करीब २९ सालको कार्यकालमा वहाँ प्रसिद्ध 'बोरनियो कनफ्रनटेशन' लगायत विभिन्न देशको टुर र सैनिक अपरेशनहरूमा परिचालन हुनुभएको थियो । वहाँको गर्भ गरिने क्षण भनेको १३ मार्च १९७४ मा बेलायतको महारानीका लागि बकीङ्हम प्यालेसमा अर्डरली अफिसर (Queen's Gurkha Orderly Officer) मा नियुक्त हुनु थियो । यसै सेवा बापत वहाँलाई स्वर्गीय महारानी एलिजाबेथ द्वितीयद्वारा एम भी ओ (Member of the Royal Victorian Order (MVO)) प्रदान गरिएको थियो ।

अवकाशपछि पनि सेनानी जीवनबहादुरले गोर्खा वेलफेयर ट्रष्टमा एरिया वेलफेयर अफिसर र बि जी एन मा एरिया रेक्रुटिङ अफिसर भएर ब्रिगेडसँगको सेवालाई जारी राख्नुभएको थियो । वहाँलाई चिन्नुहुने सबैले वहाँको राम्रो सम्झना गर्नेछन् – वहाँको परिवार, साथि-भाई, नातेदार, चिनजानमा आएका तथा सहकर्मी अफिसरहरू ।

## छेम्दी गाँउमा खानेपानी योजनाले पुर्याएको राहत

***- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) GWT(N)***

पोखराबाट पश्चिम करिब पाँच घण्टा गाडीमा यात्रा गरेपछि छेम्दी गाँउ पुगिन्छ, जहाँका अधिकांश बासिन्दाहरू मगर समुदायका छन् र प्रायः खेती किसानी गरेर जीविकोपार्जन गर्ने गर्दछन् । करिब तीन सय जनसंख्या रहेको उक्त गाँउमा ७१ घरधुरी छन् ।




धेरै समयदेखि गाँउमा पानीको समस्या थियो र गाँउका महिलाहरूले पानी भर्नका लागि लामो पैदल यात्रा गर्नुपर्थ्यो । वि.सं. १९९६-९७ तिर एक गैर-सरकारी संस्थाले गाँउमा सामुदायिक धारा सहितको खानेपानी योजना निर्माणसम्म गरेतापनि धारामा निरन्तर पानी आँउदैनथ्यो । अहिले, वहाँहरू भन्नुहुन्छ, "हामी GWT का समर्थकहरूलाई धन्यवाद दिन चाहन्छौं जसका कारण हाल गाँउमा भरपर्दो र स्वच्छ खानेपानी योजना सम्पन्न भएको छ । प्रत्येक घर आँगनमा २४ घण्टै खानेपानीको सुविधा उपलब्ध भएको छ ।"

श्री देउमान पूर्जा यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष हुनुहुन्छ । वहाँका अनुसार यहाँ भएको पुरानो धाराहरू करिब २५ वर्ष अघि बनेको थियो । पानी दुई वटा मुहानहरूबाट ल्याइएको थियो भने गाँउका विभिन्न ठाँउहरूमा सामुहिक धाराहरू राखिएका थिए ।

अध्यक्ष पूर्जा भन्नुहुन्छ, “मुहानमा पानी संकलन गर्ने ठाँउ खुल्ला हुनुको कारणले गर्दा धारामा फोहर पनि आउँथ्यो । पानी परेको बेला धारामा धमिलो पानी आउँथ्यो भने पानीजन्य रोगहरूको जोखिम सधैँ हुन्थ्यो । पानीलाई सधैँ उमालेर पिउनु पर्थ्यो ।”

खानेपानी उपभोक्ता तथा सरसफाई समितिका सचिव श्रीमती अनु थकाली यस नयाँ योजनाप्रति सन्तुष्टि व्यक्त गर्दै भन्नुहुन्छ,

“म यस छेम्दी खानेपानी उपभोक्ता तथा सरसफाई समितिको सचिव हुँ । म गृहिणी भएको हुनाले घरबार र खेतीपाती सबै हेर्नुपर्छ । यस नयाँ खानेपानी योजनाबाट हामी सबै गाँउलेहरू खुशी छौं । सबै घरमा स्वच्छ पिउने पानीको पहुँच भएको हुँदा म धेरै खुशी छु ।”

योजना निर्माण सम्पन्न गरेको मात्र नभइ समुदायमा सरसफाई सम्बन्धी प्रभावकारी रूपमा सचेतना फैलाउन सफल भएकोमा वहाँले गोर्खा वेल्फेयर ट्रष्टलाई श्रेय दिनुभयो ।




“GWT ले योजना सम्पन्न गर्नुको साथै गाँउलेहरूलाई मुहान सुरक्षाको आवश्यकता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, पानीको शुद्धिकरण र योजनालाई दिगो बनाइराख्ने तरिका र आवश्यकताबारे ज्ञान बाँडेको छ ।”

खानेपानी योजना सम्पन्न गर्नका लागि व्यक्तिगत आर्थिक योगदान गर्न असक्षम केही परिवारलाई समितिले छुट दिएको निर्णय सराहनीय भएको जनाउँदै वहाँले भन्नुभयो, “विशेष गरि फरक क्षमता भएका, विपन्न वर्गका र बृद्ध–बृद्धाहरू मात्र भएका केही परिवारहरूले व्यक्तिगत आर्थिक योगदान गर्न असक्षम थिए । यस खानेपानी उपभोक्ता तथा सरसफाई समितिले त्यस्ता तीन परिवारलाई सम्पूर्ण बुझाउनु पर्ने रकम मिनाहा गरिदियो जुन मेरो विचारमा सामुदायिक सौहार्दताको एउटा राम्रो उदाहरण हो ।”

## बि जी एन विविध



बि जी एन को व्यवस्थित संचालनमा सहकार्य र सहयोग गर्नुहुने बि जी एन का पार्टनर, सरोकारवाला र शुभचिन्तकहरूलाई धन्यवाद दिने उद्देश्यले आयोजना गरिने बि जी एन **व्यवस्थापन भेला (Management Dinner)** एक विशेष कार्यक्रम हो । यस वर्षको समुदाय भेला (Community Lunch) बि जी एन, पोखरा ( बि जी पी) मा २० नभेम्बरमा उप-सेनानी बेलबहादुर गुरूङ्ग र व्यवस्थापन भेला (Management Dinner) बि जी एन काठमाडौंमा २८ नभेम्बरमा उप-सेनानी सन्तोष गुरुङ्ग को अग्रतामा आयोजना गरिएको थियो ।



**सहायक रथी एन्ड्रयु ग्रिफित्स ओ बि इ**, कर्णल जी एस पी एस र प्रमुख सेनानी नरेन्द्र गुरुङ्ग, ओ सी जी एस पी एस १३ फेब्रुअरीमा बि जी एन काठमाडौं आउनुभएको थियो । प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन (निवर्तमान); श्री टोबी ओशनेस्सी सिभिल सेक्रटरी बि जी एन लगायत अन्य बि जी एन अफिसर तथा स्टाफले वहाँहरूलाई स्वागत गर्नुभएको थियो ।



सम्भावित रेक्रुट (Potential Recruits) का लागि विशेष गरी निर्माण गरिएको **सेती भोजन कक्ष (Seti Dining Hall)** बि जी एन पोखरामा महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन र प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन (नवनियुक्त) ले ३१ मार्च मा उद्धाटन गर्नुभएको थियो । सेती भोजन कक्षको परिमार्जन कार्यन्वयन उपसेनानी प्रिथिबहादुर छन्त्यालको नेतृत्त्वमा समपन्न भएको थियो ।






बि जी एन काइदा र परम्परा अनुसार आयोजना हुने बि जी एन **सिभिलियन स्टाफ वनभोज (पिकनिक)** यस वर्ष बि जी एन काठमाडौं स्टाफको वनभोज ०१ मार्चमा ललितपुरको गोदावरीमा हर्षोल्लासका साथ आयोजना भएको थियो भने बि जी एन पोखरा स्टाफको वनभोज २९ मार्चमा पोखरा, हेम्जामा रमाइलो गरी आयोजना गरिएको थियो ।

## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रान्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | vsoktm@bgp.com.np |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले मुख्यालय बि.जी.एन, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् ।

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from HQ BGN, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay connected, like and follow British Gurkhas Nepal on Facebook
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/learn-and-explore/about-the-army/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**Headquarters British Gurkhas Nepal Media Points of Contact:**

Maj Gyanbahadur Dhenga
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk